# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, साउन १ गते, २०८० साल (संख्या १८

# भाग ५

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

नेपाल सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धी खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७/१०/२३, खण्ड ७२, सङ्ख्या ६० मिति २०७९/११/०१ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशमा हेरफेर गरी सो आदेशको प्रकरण ०७ को अन्नमा आधारित पूरक बाल आहारको सङ्केत नं. ०७.२८ पछि देहायको सङ्केत नं. ०७.२९ थपी सोको गुणस्तर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

**"०७.२९ पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice)**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१. गुणस्तरको क्षेत्र (Scope)**

यो गुणस्तर मानव उपभोगको लागि उत्पादन तथा प्याकेजिङ्ग गरिएको "पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice)" को सम्बन्धमा लागू हुनेछ।

**२. परिचय (Description)**

"पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice)" भन्नाले सङ्केत नं. ०७.२४ बमोजिमको मापदण्ड पूरा गरिसकेको चामलमा पोषक तत्त्व थप गरिएको चामलको दाना (Fortified Rice Kernels) ०.५ प्रतिशत देखि २.० प्रतिशतसम्म मिसाउँदा (Mixing) आवश्यक गुणस्तर परिधिहरु पुगेको चामललाई सम्झनु पर्छ । साथै पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामलले सङ्केत नं. ०७.२४ बमोजिमको चामलको मापदण्डसमेत पूरा गर्नु पर्नेछ।

**३. आवश्यक गुणस्तर परिधिहरु (Essential Composition and Quality Factors)**

पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) अस्वाभाविक गन्ध एवं स्वादरहित हुनुको साथै ढुसी र किरा नलागेको हुनु पर्नेछ । यसमा कुनै पनि बाह्य रङ्ग तथा यो सूचनामा तोकिएको बाहेक अन्य बाह्य पदार्थ मिसिएको हुनु हुँदैन । पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामलमा देहाय बमोजिमको पौष्टिक तत्त्व देहायको परिमाणमा हुनु पर्नेछः-

| क्र.सं. | पौष्टिक तत्त्व | स्तरोन्नतिको मात्रा (मिलिग्राम प्रति किलोग्राम) सुख्खा तौलको आधारमा |
|---|---|---|
| १. | आइरन (Iron) | ३९ देखि ७२ सम्म |
| २. | जिङ्क (Zinc) | ३२ देखि ५९ सम्म |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ३. | भिटामिन “ए” (Vitamin A) | ०.८९ देखि २.२१ सम्म |
| ४. | फोलिक एसिड (Folic Acid) | ०.२४ देखि ०.५९ सम्म |
| ५. | भिटामिन बि-१२ (Vitamin $B_{12}$) | ०.००७ देखि ०.०२० सम्म |

पौष्टिक तत्त्व स्तरोन्नति गर्दा आइरनको स्रोतको लागि फेरिक पाइरोफोस्फेट (Ferric Pyrophosphate), जिङ्कको स्रोतको लागि जिङ्क अक्साइड (Zinc Oxide), भिटामिन “ए” को स्रोतको लागि रेटिनाइल पाल्मिटेट (Retinyl Palmitate-*RE) वा रेटिनाइल एसिटेट (Retinyl Acetate-*RE), फोलिक एसिडको स्रोतको लागि फोलिक एसिड (Folic Acid), भिटामिन बि-१२ को स्रोतको लागि साइनोकोबलामाइन (Cyanocobalamine) जस्ता स्वरुपका यौगिकहरु (Compound) थप गर्न सकिनेछ ।

***RE- Retinol Equivalent**

स्तरोन्नति गरिएको चामलमा माथि उल्लिखित पौष्टिक तत्त्वबाहेक देहाय बमोजिमको पौष्टिक तत्त्व देहायको परिमाणमा थप गर्न सकिनेछः-

| **क्र.सं.** | **पौष्टिक तत्त्व** | **स्तरोन्नतिको मात्रा (मिलिग्राम प्रति किलोग्राम) सुख्खा तौलको आधारमा** |
|---|---|---|
| १. | थायमिन (Thiamin; Vitamin $B_1$) | २.३ देखि ५.६ सम्म |
| २. | नियासिन (Niacine; Vitamin $B_3$) | २०.५ देखि ५०.७ सम्म |
| ३. | पाइरीडक्सिन (Pyridoxine; Vitamin $B_6$) | १.९ देखि ४.८ सम्म |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पौष्टिक तत्त्व स्तरोन्नति गर्दा थायमिनको स्रोतको लागि थायमिन मोनोनाइट्रेट (Thiamin Mononitrate), नियासिनको स्रोतको लागि निकोटिनामाइड (Nicotinamide), पाइरीडक्सिनको स्रोतको लागि पाइरीडक्सिन हाइड्रोक्लोराइड (Pyridoxine Hydrochloride) जस्ता स्वरुपका यौगिकहरु (Compound) थप गर्न सकिनेछ ।

४. **कन्टामिनेन्ट्स (Contaminants ), टक्सिन्स् (Toxins) तथा अवशेष (Residues):**

पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) मा कन्टामिनेन्ट्स, टक्सिन्स् तथा जीवनाशक विषादीको अवशेषलगायतका अन्य हानिकारक तत्त्वका अवशेषहरुको अधिकतम मात्रा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

५. **स्वच्छता (Hygiene) सम्बन्धी व्यवस्थाः**

पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) उत्पादन, प्याकेजिङ्ग, ह्याण्डलिङ्ग, भण्डारण तथा ढुवानीमा स्वच्छतासम्बन्धी कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

६. **प्याकेजिङ्ग तथा लेबलिङ्गसम्बन्धी व्यवस्था (Packaging and Labelling Requirements):**

पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) लाई सफा र सुख्खा खाद्य ग्रेडको प्याकेजिङ्ग सामग्रीमा शिलबन्दी गरी प्याक गर्नु पर्नेछ । पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice) को लेवलमा खाद्य नियमावली, २०२७ ले तोकेबमोजिमको विवरण उल्लेख गर्नुका साथै “+F” भन्ने सङ्केत (Symbol) प्रष्ट बुझिने गरी प्याकेजिङ्ग सामग्रीको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अघिल्लो भागमा राखि "पौष्टिक तत्त्व स्तरोन्नति गरिएको चामल (Fortified Rice)" भनी उल्लेख गर्नु पर्नेछ । यसका साथै थप गरिएको पौष्टिक तत्त्वको नाम, परिमाण र पौष्टिक तत्त्वको स्रोतबारे सम्पूर्ण विवरणसमेत लेवलमा उल्लेख गर्नु पर्नेछ ।"

**आज्ञाले,**
**डा. गोविन्द प्रसाद शर्मा**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।